नेपाल गजेट

भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ११] काठमाडौं, चैत्र २० गते २०१८ साल [संख्या ५०

श्री ५ को सरकार

अर्थ मन्त्रालयको

सूचना

अन्तः शुल्क ऐन २०१५ को दफा (३) को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले यो सूचना जारी गरेको छ ।

नेपाल अधिराज्यभित्र उत्पादन गरिने साबुनमा प्रतिमन न. रु. ।५० (पचास पैसा) अन्तः शुल्क लगाई असूल उपर गरिने छ ।

आज्ञाले—
परिक्षितनरसिंह राणा
श्री ५ को सरकारको निमित्त सचिव
अर्थ मन्त्रालय ।

६६१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

अर्थ मन्त्रालय

श्री ५ को सरकारले बनाएको तल लेखिए बमोजिमको कुमारीचोक हिसाब जाँच नियमहरू २०१८ सर्वसाधारणको जानकारीकोलागि प्रकाशित गरिएको छ।

प्रशासकीय कार्य विधि (नियमित गर्ने) ऐन, २०१३ को दफा (२) ले दिएको अधिकार प्रयोगगरी श्री ५ को सरकारले यी नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः– (१) यी नियमहरूको नाम कुमारीचोक हिसाब जांच नियमहरू, २०१८ रहेको छ ।

(२) यी नियमहरू कुमारीचोकबाट हुने हिसाब जाँचको काममा लागू हुनेछन् ।

(३) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यी नियमहरूमाः–

(क) "बक्यौता" भन्नाले यी नियमहरू प्रारम्भ हुनुभन्दा अगावै श्रीकुमारीचोक फ्राँट फांटमा दाखिल भैसकेको तर जांच बूझ कारवाइ वा फर फारख गर्न बांकी रहेको सम्पूर्ण स्रेस्ताहरू र फांट फांटमा दाखिल हुनुपर्ने तर दाखिल भै नसकेको सम्पूर्ण स्रेस्ताहरू सम्झनु पर्छ ।

(ख) "फर फारख" भन्नाले सरकारी दाम कामको जिम्मा लिने व्यक्तिले आफूले जिम्मा लिएको दाम कामको हिसाब पेश गरे पछि जांचदा ठीक मुनासिब देखिएमा सोही बेहोरा लेखी निजलाई दिइने प्रमाण–पत्र सम्झनु पर्छ ।

(ग) "तयारी स्रेस्ता" भन्नाले कुमारीचोकले जांची आम्दानी खर्चको हिसाब ठीक मुनासिब ठहऱ्याएको फर फारख दिन अंग पुगेको स्रेस्ता सम्झनु पर्छ ।

(घ) "स्रेस्ता" भन्नाले हिसाब जाँचको निमित्त कुमारीचोक दाखिल हुने ढपोट वा ढपोट नउठ्ने अरू गैन्ह किसिमको हिसाब किताब र तिनीहरूको भिडाउनुपर्ने मिसिललाई समेत जनाउंछ ।

३. हिसाब जांचको फर फारखको निस्सा एकाउन्टेन्ट जनरलबाट हुनेः– यी नियमहरू प्रारम्भ हुनुभन्दा अघिदेखि कुमारीचोक फांट फांटमा बक्यौता रहिरहेको र यी नियमहरू प्रारम्भ भएपछि दाखिल हुन आउने ढपोट र ढपोट नउठ्ने अरू गैन्ह किसिमको स्रेस्ताहरूसमेत तयारीमा राखी फर फारखको निस्सा हुनकोलागि कुमारीचोकले रिपोर्ट गरेकोमा एकाउन्टेन्ट जनरलको दस्तखतबाट फर

६५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

फारख हुनेछ । यी नियमहरू प्रारम्भ भएपछि कुमारीचोकको कुनै फर फारखमा लालमोहर सदर गराउनु पर्नेछैन ।

४. फारख भएको स्रेस्ताहरूको मास्केवारी पेश गर्ने:– नियम ३ बमोजिम फर फारख गरि दिएका स्रेस्ताहरूको मास्केवारी एकाउन्टेन्ट जनरलले श्री ५ को सरकारमा पेश गर्नेछ ।

५. फिर्ता गरेको दण्ड जरिवानाको मिन्हाको आदेश लिनु नपर्ने:– अपील तहबाट हेरिंदा वा इन्साफ जाचिंदा अघिल्लो मितिमा भएको सोही मुद्दाको फैसलाले लागेको दण्ड जरिवानाको केही अंश वा सम्पूर्ण रकम फिर्ता दिनेगरी फैसला भएमा सो फैसलाको नक्कल र सो फैसला बमोजिम लगत कस्ने अड्डाको जनाउकै आधारमा बाँकी अरू रीत पुर्‍याई अदालत वा अदालत तहसीलहरूले फिर्ता खर्च लेखेको सदर हुनेछ । कुमारीचोकले मिन्हाको आदेश भिडाउनु पर्दैन ।

६. दण्ड बिगो र जरिवाना असूल उपर नहुंदै पनि स्रेस्ता तयारीमा जाने:– कुमारीचोक वा निज उपरको अपील सुन्ने वा इन्साफ जाँच्ने तहबाट भएको फैसला बमोजिम भएको दण्ड बिगो र जरिवानाको लगत अदालत तर्फ कायम भैरहेको म्यादभित्र स्रेस्ता अदालतमा कसिने छ । लगत कसिएको निस्सा स्रेस्ता अदालतले फैसलाको पीठमा जनाइदिनेछ र यति रीत पुगेपछि सम्बन्धित स्रेस्ता तयारीमा जानेछ ।

७. लगत फांटको मोठ लगत नभिडाईकन पनि स्रेस्ता तयारीमा जाने:– लगतफांट अड्डाबाट दश वर्षे लगत तयारी भैनसकेको कामहरूमा सो अड्डाले मालअड्डा वा तहसीलहरूमा पठाएको थप छाप, नम्बरी, र वा हाल आबादी लगत भिडाई र नापीका लगत बमोजिम असूल तहसील हुनेजतिमा सो नापी लगत भिडाई कुमारीचोकले स्रेस्ता तयारीमा राख्नेछ । लगतफांट अड्डाको मोठ लगत भिडाउन अनिवार्य हुने छैन ।

८. एक वर्षभित्र फछ्र्यौट नभएको उजरातिमा छुट्टै कारवाइ नगर्ने:– स्रेस्तामा उजराति रहेको रकम एक वर्षभित्रमा फछ्र्यौट नभएकोमा कुमारीचोकले छुट्टै कारवाइ नगरी त्यस्तो उजरातिको एक एक प्रति फेहरिस्त प्रत्येक वर्ष एकाउन्टेन्ट जनरल अफिस र सम्बन्धित तालुक विभागमा पठाउनु पर्छ ।

९. कुमारीचोकमा दाखिल भएको स्रेस्ता तत्काल जांच्ने:– जुनसुकै जिल्लाको सरकारी अड्डा अदालतबाट कुमारीचोकमा स्रेस्ता दाखिल भएपछि कुमारीचोकले तत्काल ती स्रेस्ताहरूलाई जांच्ने गर्नेछ । ती स्रेस्ताहरू जाँच्न साविकमा भैरहेको अवधिसम्म पर्खिरहनु पर्दैन ।

१०. कारवाइ चलेको बेरुजूलाई जिम्मावारी सार्न सकिने:– कुमारीचोकले कुनै सालको स्रेस्ता जाँच्दा निस्केको बेरुजु उपर कारवाइ चलिरहेको भएमा र त्यस्तो कलमलाई अर्को सालको स्रेस्तामा व्योहोरा जनाई इफे थप गरी (जिम्मावारी सारी) त्यस सालको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

स्रेस्तालाई तयारीमा राख्ने भनी पेश गरेमा सो बमोजिम गरी तयारीमा राख्ने आदेश दिने अधिकार एकाउन्टेन्ट जनरललाई हुनेछ ।

११. ने. रू. १००।–एक सयसम्मको बेरुजू रकम रियायत दिने अधिकारः– एक ढषोट वा एक थान स्रेस्तामा बढीमा ने. रू. १००–एक सयसम्मको बेरुजू रकम असल उपर हुने सम्भावना नदेखिएमा रियायत दिई स्रेस्ता तयारीमा राख्ने आदेश दिने अधिकार एकाउन्टेन्ट जनरललाई हुनेछ र उक्त अधिकारको सम्पूर्ण वा केही अंश एकाउन्टेन्ट जेनरलले आफ्ना मातहतका अफिसर र कुमारीचोकका हाकिमलाई प्रत्यायोजन गर्न पनि सक्नेछ ।

१२. मुनासिब खर्चमा पक्राउ नगर्नेः– साक्षी नराखेको वा घटाघट नगरेको वा अरू यस्तै मामली किसिमका रीतहरू नपुगेको तर मुनासिब रकम खर्च भएको भन्ने एकाउन्टेन्ट जनरललाई लागेको कलममा ने. रू. दश हजारसम्मको निकासा मध्येको खर्चमा निकासाको पांच प्रतिशतसम्म र त्यसभन्दा बढी रकमको निकासामा पहिलो दश हजारलाई पाँच प्रतिशत र त्यसभन्दा बढीको हकमा बढी रकमको सयकडा दुई प्रतिशतसम्मको खर्च पक्राउ छाडी स्रेस्ता तयारीमा राख्ने आदेश दिने अधिकार एकाउन्टेन्ट जनरललाई हुनेछ ।

१३. खारेजीः– यी नियमहरूमा लेखिएका कुराहरूसंग बाझिने नेपाल कानून खारेज भएको वा यी नियमहरूसंग मिल्ने गरी संशोधित भएको मानिनेछ ।

आज्ञाले–
परिक्षितनरसिंह राणा
श्री ५ को सरकारको निमित्त सचिव
अर्थ मन्त्रालय ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।